## प्रस्तावः मिति २०७७/०९/१२, आइतबार, ९५ औ कार्यपालिका बैठक

१. योजना संशोधन सम्वन्धमा
२. तयार नेपालको कम्पोनेन्ट २ सम्वन्धमा
३. आर्थिक सहयोग सम्बन्धमा
४. श्री माध्यमिक विद्यालय रझेना नमुना विद्यालय छनौट सम्बन्धमा
५. सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा

### निर्णय नं. १:

घोराही उपमहानगरपालिकाको सातौं नगर सभाबाट आ.व. ०७७/०७८ का लागि स्वीकृत केही योजना तथा कार्यक्रमहरु सम्वन्धित विषयगत समिति र वडा समितिको निर्णयानुसार संशोधन गरी आठौं नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।

### निर्णय नं. २:

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३० मिति २०७७/०४/२२ को पत्रानुसार घोराही उपमहानगरपालिका भित्र कोभिड १९ बाट प्रभावित व्यक्तिहरुलाई जिविकोपार्जनका लागि USAID को सहयोगमा तयार नेपाल परियोजनाको कम्पोनेन्ट ३ संचालन भैरहेको तथा उक्त कम्पोनेन्टको अवधि २०७७ माघ ८ (तदनुसार सन् २०२१ जनवरी २१) मा समाप्त हुने भएकोले विपद व्यवस्थापन सम्वन्धी कार्यहरुमा आवश्यक पर्ने भौतिक, आर्थिक तथा नीतिगत सहयोगको लागि USAID को सहयोगमा तयार नेपाल परियोजनाको कम्पोनेन्ट २ श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने ।

### निर्णय नं. ३:

घोराही उपमहानगरपालिकामा विभिन्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोगका लागि पेश भएअनुसार आर्थिक सहयोग तपशिल बमोजिम गर्ने।

१) घोराही उपमहानगरपालिका वडा नं. १४ च.नं. ९८७ मिति २०७७।०८।१४को सिफारिस पत्र अनुसार घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने भिम बहादुर चौधरीले छाडा चौपाया नियन्त्रण गर्ने क्रममा मिति २०७७।०८।०८ गते निजको दाहिने हात भाचिएको हुदाँ निजको आर्थिक अवस्था कमजोर भएकोले निजलाई औषधि उपचारको लागि रु. २०,०००।— आर्थिक सहयोग गर्ने ।

२) घोराही उपमहानगरपालिका, वडा नं. १८ मसिना स्थित कालिका भगवती मन्दिर तथा धर्मशालालाई पुजा खर्च बापत मासिक रु. २००० आर्थिक सहयोग दिदै आएकोमा यस आर्थिक वर्ष २०७७।०७८ मा समेत सोहि आर्थिक सहयोगलाई निरन्तरता दिने ।

**निर्णय नं. ४:**

श्री माध्यमिक विद्यालय रझेना, घोराहीको च.नं.९१,मिति २०७७/०९/०५ को प्राप्त पत्रानुसार प्रदेश सरकार लुम्बिनी प्रदेशबाट मा.वि. रझेना नमुना विद्यालयको रुपमा छनौट भएको हुँदा नमुना विद्यालय विकास योजनाको लागि विद्यालयलाई प्राप्त बजेटमा २०% सहभागिता घोराही उपमहानगरपालिकाको तर्फबाट व्यहोर्ने।

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिका अन्तर्गतको सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७७।०९।११ गतेको बैठकको तपशिल बमोजिमका निर्णय अनुमोदन गर्ने ।

**तपशिलः**

५.१ घोराही उपमहानगरपालिका वडा नं ६ च.नं.७८७ मिति २०७७।०९।०६ को सिफारिस पत्र तथा संलग्न प्राविधिक मुल्याङ्कन अनुसार कर्जाही कुलो मर्मतको लागि रु २५ हजार घोराही उपमहानगरपालिकाको आ.ब. ०७७।७८ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार वातावरण तथा विपद् व्यवस्थापन शाखा अन्तर्गत पेज नं.५२ क्र.सं. १ खर्च शिर्षक २२२३१ **समितिको अनुगमन पश्चात विपद् बाट क्षति भएका भौतिक संरचना मर्मत** बाट उपलब्ध गराउने ।

५.२ घोराही उपमहानगरपालिका वडा नं १६ च.नं.९३७ मिति २०७७।०८।१४ को सिफारिस पत्र तथा संलग्न प्रहरी मुचुल्का अनुसार अविरल वर्षाको कारण घरको भित्ता भत्किएर प्रभावित श्री शिबा कुवरलाई राहत स्वरुप रु १० हजार घोराही उपमहानगरपालिकाको आ.ब. ०७७।७८ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार वातावरण तथा विपद् व्यवस्थापन शाखा अन्तर्गत पेज नं.५२ क्र.सं. १२ खर्च शिर्षक ३११५९ **स्थानीय विपद् व्यवस्थापन कोष**बाट उपलब्ध गराउने।